# सामाजिक लेखाजोखा २०६८

**२३ भदौ, २०६८**

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

सर्वाधिकार © : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

प्रकाशन मिति : असोज, २०६८

प्रकाशक

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
पो.ब.नं : १९७९०, भूमिघर, धापासी, काठमाडौं, नेपाल
फोन : ९७७-०१-४३६०४८६, ४३५७००५, फ्याक्स : ४३५७०३३
E-mail : landrights@csrcnepal.org, Website : www.csrcnepal.org

# भूमिका

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको चौथो राष्ट्रिय सामाजिक लेखाजोखा भदौ २३ गते काठमाडौंमा भएको छ । कार्यक्रममा आर्थिक वर्ष २०६७/६८ मा भएका कार्यक्रम, त्यसका उपलब्धि र उपयोग गरिएको बजेटबारे जानकारी गराइएको थियो । प्रस्तुत प्रतिवेदनअनुसार मोही र विर्ता जग्गाका ३ सय ६३ किसान परिवारले ९० हेक्टर जमिन प्राप्त गरेका छन् । त्यसैगरी मञ्चमा सङ्गठित ५ हजार ८ सय १८ परिवारले सुकुम्बासी समस्या समाधान आयोगबाट ७ सय ६५ हेक्टर जमिन प्राप्त गरे ।

२६ वटा सहकारीमा २ हजार २ सय १५ भूमिहीन महिला सेयर सदस्य बनेर सहकार्य र बचतको अभ्यास गर्दैछन् । राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको नेतृत्वमा ०६७ चैत १ देखि ८ गतेसम्म भएको आन्दोलनको दबाबमा तत्कालीन मन्त्रिपरिषद्ले वैज्ञानिक भुमि सुधार आयोगको प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरेवमोजिम असोज ९ गते प्रतिवेदन सार्वजनिक भएको छ ।

आफ्नो गाउँको भूमि सुधार योजना आफैं बनाउने सामुदायिक भूमि सुधार अभ्यास थालिएको छ । सिन्धुपाल्चोकको राम्चे, दाङको गङ्गाप्रस्सपुर, महोत्तरीको लक्ष्मिनियाँ, सुनसरीको हाँसपोसा र सप्तरीको हर्दियामा भूमि अधिकारको उपयोग र कृषि सुधारको अभ्यास गरिँदैछ । आन्दोलनकै दबाबस्वरूप पतिको नाममा रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पत्नीसमेतको सयुक्त स्वामित्वको लिखत गर्न चाहेमा सरकारले १ सय रुपियाँमात्र रजिष्ट्रेशन दस्तुर लाग्ने व्यवस्था गरेको छ ।

सरकारी निकाय, नागरिक समाज, राजनीतिक दल तथा पीडित समुदायबाट प्राप्त सुझाव संस्था र आन्दोलनका लागि निकै उपयोगी बन्दै आएका छन् । लेखाजोखापछि आएका सुझावका आधारमा कार्ययोजना बनाई लागू गरिने गरिएको छ ।

आत्मनिर्भर केन्द्रले आफ्ना गतिविधि, कामबाट प्राप्त उपलब्धि र उपयोग गरिएको स्रोतबारे संस्थागत पारदर्शिता, जवाफदेहिता प्रबर्द्धन गर्न र गरिएका काम सम्बन्धित पक्षको दृष्टिकोणबाट मूल्याङ्कन गराई त्यसबाट प्राप्त सल्लाह तथा सुझावका आधारमा कामको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न सामाजिक लेखाजोखा गर्ने गर्दछ ।

# ljifo;'rL

१. सामाजिक लेखाजोखाबारे सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको बुझाई ........ ५

२. २०६७ भदौ ११ गते काठमाडौंको लैनचौरमा भएको तेस्रो सामाजिक लेखाजोखामा प्राप्त सुझाव र कार्यान्वयनको समीक्षा ... ९

३. भूमि तथा कृषि अधिकार आन्दोलन, २०६७/०६८ का उपलब्धि ........ ११

४ वित्तीय अवस्था (आ.व. २०६७/६८) ........ २०

५. चौथो राष्ट्रिय सामाजिक लेखाजोखा खर्च विवरण ........ ३१

६. कार्यक्रम तालिका ........ ३२

७. वार्षिक लेखाजोखा २०६८ मा सहभागीहरू ........ ३३

# १ सामाजिक लेखाजोखाबारे सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको बुझाई



सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (आत्मनिर्भर केन्द्र) ले अधिकारबिहीन गरिब जनतालाई सङ्गठित गरिरहेको छ । शान्तिपूर्ण ढङ्गबाट भूमिमाथिको अधिकार दाबी गर्न र त्यसका लागि आवश्यक नीति निर्माण र कार्यान्वयनका लागि वकालत गर्दै आइरहेको छ । केन्द्रले संस्थागत पारदर्शिता र जवाफदेहिता प्रबर्द्धनका लागि आफ्ना काम विभिन्न कोणबाट मूल्याङ्कन गराउने गर्छ । यस क्रममा प्राप्त सल्लाह तथा सुझावका आधारमा कामको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न सामाजिक लेखाजोखा गर्ने गर्दछ । यो एउटा सहभागीमूलक अनुगमन र मूल्याङ्कनको प्रक्रिया हो ।

आत्मनिर्भर केन्द्रले वर्षको एक पटक राष्ट्रियस्तरमा सामाजिक लेखाजोखा गर्ने गर्दछ । त्यस्तै सहयात्री संस्थाहरूले क्षेत्रीय र जिल्ला सङ्गठनले जिल्ला तहमा सामाजिक लेखाजोखा गर्दै आएका छन् । सामाजिक लेखाजोखामा भूमि अधिकार आन्दोलनमा संलग्न भूमिहीन तथा किसान, भूमि अधिकार कार्यकर्ता, राष्ट्रिय भूमि अधिकार मञ्चका अगुवा सहभागी हुन्छन् । साथै सरकारी अधिकारी, सञ्चारकर्मी, सहयोगी तथा सहयात्री संस्थाका प्रतिनिधि पनि यस्तो कार्यक्रममा उपस्थित हुन्छन् । यसबाहेक राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका व्यक्तित्व, आत्मनिर्भर केन्द्रका सदस्य, पदाधिकारी र सबै कर्मचारी तथा इच्छुक व्यक्तिको पनि सहभागिता रहन्छ ।






सामाजिक लेखाजोखामा आत्मनिर्भर केन्द्रको नीति, नियम र प्रक्रिया, त्यस अवधिमा सञ्चालित गतिविधि र त्यसको परिणाम वा त्यसले जनताको जीवनमा पारेको प्रभाव जानकारी गराइन्छ । सो कामका लागि गरिएको खर्च र त्यसका स्रोत, संस्थाले हासिल गर्न सकेका वा नसकेका कुरा पनि उपलब्ध गराइन्छ । र, वर्षभरि काम गर्ने दौरानमा भोगेका चुनौती तथा सिकाई पनि उपस्थितबीच बाँडचुँड गरिन्छ । सँगै यसबारे सहभागीको धारणा पनि सङ्कलन गरिन्छ ।

सामाजिक लेखाजोखामा उपस्थित सहभागीले आत्मनिर्भर केन्द्रबारे प्राप्त सूचना, आफ्ना बुझाई तथा दृष्टिकोणका आधारमा केन्द्र र भूमि अधिकार आन्दोलनको

## कार्यक्रम मूल्याङ्कनकर्ताको नजर

हामीले गत वर्ष आत्मनिर्भर सेवा केन्द्रले गरेका कामको समीक्षा गरेका थियौं । विशेष गरेर ५ वटा चुनौती देखेका छौं । आन्दोलनले भूमि अधिकारसँग सम्बन्धित हक अधिकारका लागि धेरै सङ्घर्ष गरिसकेको छ । सङ्घर्षका बाबजुद उपलब्धि पनि प्राप्त भएको छ । उच्चस्तरीय भूमि सुधार आयोगले आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको छ ।

तर प्रतिवेदन लागू गर्नको लागि राजनीतिक दलहरूको सहमति कसरी जुटाउने ? यो पहिलो चुनौति रहेको छ ।

अब आन्दोलन कहाँ केन्द्रित हुने, राजनीतिक दललाई कसरी सहमतिमा ल्याउने र राजनीतिक दलहरूको नेतामा केन्द्रित आन्दोलन गरेर यसलाई जिल्लाव्यापी र अन्तिममा केन्द्रीयस्तरमा परिणत गर्ने भन्ने योजना बनेको छ । जहाँ साँच्चिकै पीडित छन्, त्यहाँ के उपलब्धि भयो भन्ने प्रश्न महत्वपूर्ण छ ।

हरेक जिल्लाको महत्वपूर्ण सवाल के छ त्यसलाई पहिचान गर्ने, कार्ययोजना बनाउने र त्यसको प्रगति कसरी मूल्याङ्कन गर्ने भन्ने रणनीति बनाएर अगाडि बढ्ने कुरा भएको छ । केही जिल्लामा गएको वर्ष निकै राम्रो उपलब्धि हासिल भएको देख्यौं । त्यहाँका धेरै किसानले लालपूर्जा प्राप्त गरेका छन् ।

अर्को कुरा राष्ट्रिय भूमि अधिकार मञ्चको विस्तार यसरी भएको छ कि त्यो एउटा चुनौतीकै रूपमा देखापरेको छ । ५० भन्दा बढी जिल्लामा संस्थागत हिसावले नै मञ्च अगाडि बढिसकेको छ । तर राष्ट्रिय भूमि अधिकार मञ्चको क्षमता अभिवृद्धि के हिसावले अगाडि बढिरहेको छ भन्ने जस्ता सवालमा ध्यान दिनु आवश्यक छ । यसमा राम्रो कुरा के भएको छ भने सबै साझेदार दातृसंस्थाले अबको क्षमता अभिवृद्धि कार्यक्रम जिल्लातिर केन्द्रित गर्ने भएका छन् । यसले त्यो चुनौती सामना गर्न सहज हुनेछ ।

अर्को कुरा सुकुम्बासी आयोगबाट जग्गा वितरण भयो । हामीले भूमिपीडित, भूमिहीनसँग सरसल्लाह गर्दा उहाँहरूको गुनासो के थियो भने जग्गा वितरण

संस्थागत, कार्यक्रमगत र वित्तीय स्रोत साधन परिचालन सम्बन्धमा धारणा राख्छन् । जसमा सबल पक्ष तथा सुधार गर्नुपर्ने पक्षबारे आलोचनात्मक समीक्षा हुने गर्छ । सरकारी निकाय, नागरिक समाज, राजनीतिक दल तथा पीडित समुदायको फरक दृष्टिबाट प्राप्त सुझाव संस्था र आन्दोलनका लागि निकै उपयोगी हुन्छन् ।

हाम्रो अनुभवमा जसले केन्द्र र भूमि अधिकार आन्दोलनलाई नजिकबाट हेरिरहेका छन् वा साथ र सहयोग दिँदैं आएका छन्, उनीहरूले उपयोगी सल्लाह तथा सुझाव दिन सक्छन् । सामाजिक लेखाजोखाको प्रक्रियाबाट प्राप्त सुझाव र सल्लाह संस्थाको नीति, कार्यक्षेत्र र स्रोत साधनले भ्याएसम्म कार्यान्वयन गर्ने गरिन्छ । साथै सामाजिक लेखाजोखाका सहभागीबाट प्राप्त टिप्पणीलाई आगामी दिनमा काम गर्ने सन्दर्भमा मार्गनिर्देशनका रूपमा मनन गर्ने गरिएको छ ।

यो सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको चौथो राष्ट्रिय सामाजिक लेखाजोखा हो । गत वर्ष २०६७ भदौ ११ गते सामाजिक लेखाजोखा कार्यक्रम गरिएको थियो । भूमि अधिकार आन्दोलनलाई कुन बाटोमा हिँडाउन सके लक्ष्यसम्म पुऱ्याउन सकिन्छ ? यसका लागि आत्मनिर्भर केन्द्रले अहिलेभन्दा के/कस्ता नयाँ



- मोहनमर्दन थापा

त भयो, राम्रो कुरा हो, तर जग्गा पाउनेमध्ये १५ देखि २० प्रतिशतमात्र वास्तविक सुकुम्बासी हौं । त्यसैले तथ्याङ्क सङ्कलन गर्दा भूमि मञ्चले मात्र नगरी जिविस, गाविससहित सबै दलको राजनीतिक संयन्त्र बनाएर सबैलाई चित्त बुझ्नेखालको बनाउनुपर्छ ।

अर्को हेर्नुपर्ने कुरा के हो भने जग्गा एक टुक्रा पाउँदैमा आत्मनिर्भर हुन सकिन्छ कि सकिन्न ? तर पनि जग्गा प्राप्तिले केही ऊर्जा भने अवश्य दिन्छ । खाली, बाँझो रहेको कृषियोग्य जग्गा उपयोग गर्नाले यस्तै ऊर्जा प्राप्त हुन्छ । त्यसमा सामुदायिक खेती गर्ने भनेर राम्रो सुरूवात् भएको छ । त्यसबाट उत्पादकत्व बढाई आत्मनिर्भर बन्न सकिन्छ ।

अब यो स्तरको आन्दोलनलाई कसरी विस्तार गर्दै अघि बढाउने र त्यसमा अरू संस्थाको सहयोग कसरी लिने भन्ने चुनौती पनि छ । मेरो जोडचाहिँ केमा छ भने जग्गा प्राप्ति, लालपूर्जा प्राप्तिसँगै कसरी आत्मनिर्भर बनाउने भन्नेतर्फ ध्यान दिनुपर्छ ।



भूमिका निर्वाह गर्नुपर्ला ? आदि विषयमा केन्द्रित रही केन्द्र र भूमि अधिकार आन्दोलनलाई मार्गनिर्देश गर्ने सबै कुरा खुला हृदयले राखिदिन अनुरोध गर्ने गरिएको छ । यतिबेला आलोचनात्मक विचार, सल्लाह र सुझावको अपेक्षा गर्ने गरिन्छ । लेखाजोखापछि समीक्षात्मक प्रतिवेदन तयार पारी सार्वजनिकसमेत गरिन्छ ।



## लेखापरीक्षकको लेखाजोखा

**किरण डङ्गोल**, चार्टड एकाउन्टेन्ट

विस्तृत प्रतिवेदन गीता पण्डितले प्रस्तुत गर्नुभयो । कर्मचारीको तलव रेन्जसमेत सुनाएर नमुना कार्य गर्नुभएको छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले कार्यक्रम र वित्त व्यवस्थापन दुवैमा ध्यान दिएको छ । आन्तरिक नियन्त्रण प्रणाली निकै बलियो छ । अन्तर्राष्ट्रिय संस्थाकै हाराहारीमा व्यवस्थापन गरेर जानुभएको छ ।

संस्थागत सुशासन नीति र परामर्शदाताहरूको रोष्टर बनाएर लागु गर्नुभएको छ । स्रोत संस्था र मञ्चहरूको वित्तीय व्यवस्थापनका लागि नियमावली बनाई लागु गरेको भए पनि त्यस क्षेत्रमा भने अनुगमन बढाउनुपर्ने र उनीहरूको क्षमता अभिवृद्धि गर्नुपर्ने देखेको छु । सामाजिक लेखाजोखा गरेर बाहिरी समुदायमा जुन किसिमको पारदर्शिता कायम गर्नुभएको छ, यसलाई निरन्तर कायम राख्न सक्नुपर्छ ।

## भूमिहीनका हेराइमा सामाजिक लेखाजोखा

**वृन्दा टमटा**, अगुवा, टीकापुर, कैलाली

राष्ट्रिय भूमि अधिकार मञ्चले हामीलाई ज्ञान र बुद्धि दिएको छ । अधिकार लिन सक्षम बनाएको छ । मञ्चमा आउनुअगाडि हामीलाई अधिकारबारे थाहा थिएन । २०६७ सालदेखि संगठित छौं । शुरूमा २५ जनामात्रै थियौं, अहिले १०० जनाभन्दा बढी छौं । आन्दोलन कोषमा आलु, मूला र अरू सब्जी खेती गरेर हामीले २० हजार १ सय ७१ रूपियाँ जम्मा गरेका छौं । बाँझो रहेको ५ कट्ठा जग्गामा धान खेती गरेका छौं । जेठमा हामीले अगुवा तालिम सञ्चालन गर्‍यौं ।

भूमि सिकाई केन्द्रमा पनि हामी महिनाको ४ चोटि बस्छौं । दुःख पीडा साटफेर गरिन्छ । टीकापुर क्याम्पसले हामीलाई बसिरहेको जग्गाबाट उठ्न धम्क्याइरहेको थियो तर २०६७ मङ्सिरमा मञ्चले टीकापुरमा कार्यक्रम राखेर सबैलाई समस्याबारे बुझाएपछि धम्क्याउने क्रम हटेको छ । म गिटी कुटेर जीविका चलाउने महिला हुँ । हामीलाई भोट हाल्ने बेलाबाहेक सधैं हेला गरिन्छ ।

## २ २०६७ भदौ ११ गते भएको तेस्रो सामाजिक लेखाजोखामा प्राप्त सुझाव र कार्यान्वयनको समीक्षा

| सुझाव | कार्यान्वयन |
|---|---|
| आन्दोलनमा अभियानकर्ताको भूमिका महत्वपूर्ण भएकाले उनीहरूलाई बलियो बनाउनुपर्ने । | क्षमता विकासका लागि विभिन्न तालिम, आन्तरीक तथा बाह्य सिकाई भ्रमणको अवसर पालैपालो दिइएको छ । अध्ययनका लागि स्रोत सामग्री उपलब्ध गराउनुका साथै मासिक समीक्षा नियमित र व्यवस्थित गरिएको छ । |
| संस्थाभन्दा मञ्च अगाडि हुनुपर्ने, मञ्चलाई गैरसरकारी संस्थाभन्दा ठूलो घेरामा फैलाउनुपर्ने | जिल्ला, क्षेत्र र राष्ट्रिय आन्दोलनमा समेत मञ्च अगाडि र नेतृत्वदायी भूमिकामा छ । संस्थाको भूमिका सहयोगी र सहजीकरणको मात्र छ । गाउँ भूमि अधिकार मञ्चको सङ्ख्या समितिमा साँघुरो नबनाई पीडित सबैलाई सङ्गठित गरी बृहत्खालका सङ्गठन निर्माणमा जोड दिइएको छ । |
| सामुदायिक वन र जमिनका सवालमा बढिरहेको द्वन्द्व समाधान गरेर अगाडि बढ्नुपर्ने | सामुदायिक वन उपभोक्ता महासङ्घ र राष्ट्रिय भूमि अधिकार मञ्चको केन्द्रीय स्तरमा भएको समन्वय र सहकार्यले गर्दा कार्यक्षेत्रमा यस्ता विवाद घटेर गएको छ । तर उपयुक्त संयन्त्रको विकास अझै गर्न सकिएको छैन । |



| | |
|---|---|
| भूमिमा महिला अधिकारको सवाललाई अझ बढी उठाउनुपर्ने | भूमिमा महिला अधिकारको सवाललाई आन्दोलनको एक मूल मुद्दाका रूपमा अगाडि बढाइएको छ । चैत २०६७ को राष्ट्रिय आन्दोलन, क्षेत्रीयस्तरका पैदल यात्रा, राष्ट्रिय आन्दोलनको सहमति कार्यान्वयनका लागि नीतिगत तहमा भएका लविङ मुख्य काम हुन । आर्थिक वर्ष २०६८/६९ को नीति, कार्यक्रम तथा बजेटले पतिको नाममा कायम घरजग्गाको स्वामित्व परिवर्तन गरी पत्नी समेतको नाममा संयुक्त स्वामित्वको लिखत गर्न चाहेमा एक सय रूपियाँमात्र रजिष्ट्रेसन दस्तुर लाग्ने व्यवस्था गरेको छ । |
| भूमि आयोगको प्रतिवेदनलाई बहसमा ल्याई महत्वपूर्ण दस्तावेज बनाउनुपर्ने र त्यसैका आधारमा भूमि आन्दोलन अगाडि बढाउनुपर्ने | क्षेत्रगत तहमा बहस कार्यक्रम गरिएका छन् । गत चैतमा भएको राष्ट्रिय आन्दोलनमा यो प्रमुख विषयका रूपमा उठाई सरकारले २०६८ वैसाख ९ गते दुवै प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरेको छ । प्रतिवेदन कार्यान्वयन गर्ने प्रतिबद्धता जनाइएको छ । |
| सामाजिक लेखाजोखा जिल्ला मञ्च र स्रोत संस्थाले पनि गर्नुपर्ने | ४ वटा संस्था र १४ जिल्ला भूमि अधिकार मञ्चले वार्षिक सामाजिक लेखाजोखा गरेका छन् । आन्दोलनका हरेक कार्यक्रम सकेपछि कार्यक्रमका लागि उपलब्ध बजेट र खर्च भएको रकम सार्वजनिक गर्ने संस्कारलाई पनि नियमित बनाउँदै लगिएको छ । |
| भूमि अधिकार आन्दोलनमा समुदाय, जिल्ला र क्षेत्रको भूमि तथा कृषि सुधारको खाका आउनुपर्ने | सिन्धुपाल्चोकको राम्चे, सुनसरीको हाँसपोसा, सप्तरीको हर्दिया, महोत्तरीको लक्ष्मीनियाँ र दाङको गङ्गाप्ररस्पुरमा वडा र समुदायस्तरको भूमि सुधारको खाका तयार भएको छ । |



# ३ भूमि तथा कृषि अधिकार आन्दोलन, २०६७/०६८ का उपलब्धि



## १. प्रारम्भ :

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले भूमि अधिकारबाट वञ्चित समुदायको सामाजिक न्याय, समुन्नति र स्वतन्त्रताका लागि भूमि अधिकार पक्षमा २०४९ सालदेखि कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । भूमि अधिकारबाट वञ्चितको सचेतीकरण र सङ्गठन निर्माण, भूमि सुधारको पक्षमा समुदायदेखि नीतिगत तहसम्म जनमत बनाउन वकालत र अभियान, भूमि अधिकार हनन्का घटनाको प्रतिरोध, अध्ययन अनुसन्धान र प्रकाशन, भूमि सुधारका लागि वैकल्पिक अभ्यास र बहस, कृषि उद्यम र महिला सहकारी स्थापनामा सहयोग संस्थाको मुख्य संलग्नताका क्षेत्र हुन । भूमि सुधारका लागि बलियो सङ्गठन स्थापना र प्रभावकारी सहजीकरण नै आत्मनिर्भर केन्द्र, सहयात्री संस्था र साझेदारहरूको प्रमुख उद्देश्य हो ।

सामाजिक रूपान्तरणका लागि कार्यरत् सङ्घ/संस्था, भूमि अधिकारबाट वञ्चितहरूको सङ्गठन र अन्य सरोकारवालासमेतको सहकार्यमा जारी भूमि अधिकार आन्दोलनबाट भूमिको अन्यायपूर्ण वितरण र अवैज्ञानिक व्यवस्थापनका कारण सिर्जित शक्तिबिहीनता, गरिबी, शोषण, र अन्याय कम गर्ने प्रयासमा योगदान पुगेको छ ।

यस सङ्क्षिप्त प्रतिवेदनमा आत्मनिर्भर केन्द्र, यसका सहयात्री संस्था र राष्ट्रिय भूमि अधिकार मञ्चले साउन २०६७ देखि असार २०६८ सम्म गरेका कार्यक्रमको उपलब्धि, भूमि अधिकारबाट वञ्चितका जीवनमा आएको परिवर्तन समेटिएको छ ।

### मोहिका मनका कुरा

**हुमानसिंह शिवभक्ति**, सिन्धुपाल्चोक

मेरो घर सिन्धुपाल्चोकको इचोक हो । अर्काको जग्गा जोतेर खान्थें । आत्मनिर्भर केन्द्रले हामीलाई मोही हकबारे बुझायो । सङ्गठित हुन सघायो । हामीले जोतेको जग्गामा मोही हक पाइयो । बासको डर थियो । अब ढुक्क छ । खेती गरेर खान पाइएको छ । मेरो पूर्जा थिएन । अहिले पूर्जा छ । अहिले छिमेकी गाविसका हक नपाएका साथीहरूलाई सघाउन यही आन्दोलनमा लागिरहेको छु । आफूमात्र अघाएर बस्नुभएन । अरूलाई पनि सहयोग गर्नुपर्दछ ।

..................................

**रत्नदेवी चौधरी**, सुनसरी

भूमि अधिकार मञ्चको सदस्य हुँ । हामी समूहमा मिलेर काम गर्छौं । हाम्रो समूहबाट ६ जनाले मोही अधिकार पाएका छौं । हामी भूमि अधिकारबाहेक महिला अधिकारको पनि कुरा गर्छौं । २ सय दिदीबहिनीको सहकारी बनाएका छौं । हामी चुह्लोमा मात्र सीमित नभएर अहिले अधिकार प्राप्तिको आन्दोलनमा पनि सक्रिय भएर लागेका छौं ।

## २. मुख्य अभियान र उपलब्धि :

**नतिजा : १. भूमि अधिकारबाट वञ्चित समुदाय सङ्गठित/सबल बनी अधिकार दाबी र उपयोग गर्नेछन् ।**

१.१ यस वर्ष १८० गाउँ भूमि अधिकार मञ्च निर्माण भई ५,६२५ (महिला २९०१, जनजाति १८४३ र दलित १७६३) सदस्य सङ्गठित भए । ३४ जिल्लामा जिल्ला भूमि अधिकार मञ्च, ८ जिल्लामा तदर्थ समिति र ८ जिल्लामा सम्पर्क समितिसमेत राष्ट्रिय भुमि अधिकार मञ्च ५० जिल्लामा फैलिएको छ । यसले ५०४ गाविस समेटेको छ । राष्ट्रिय भूमि अधिकार मञ्चको गाउँ सङ्गठन २०७२ पुगेको छ । यी सङ्गठनले विभिन्न प्रक्रियाबाट आफ्नो अधिकार दाबी गर्दै आएका छन् । ३४ जिल्ला भूमि अधिकार मञ्चले वार्षिक योजना बनाई सङ्गठनात्मक सुदृढीकरण र अभियानका काम गरेका छन् ।



### भूमिहीनका भनाई

**सतनदेवी सदाय हर्दिया**, सप्तरी

म देवी देउराली भूमि अधिकार मञ्च, हर्दियाको अध्यक्ष हो । जङ्गलछेउको ५ विघा जग्गा १४ घर  दलितले उपयोग गर्दै आएका छौं । धान, मकै, तरकारी लगाउँछौं । पहिले त्यो धनीहरूको गौचरण थियो । उनीहरूले खेती गर्न पाउँदैनौं भनेका थिए । तिमीहरू गाई चराउने, हाम्रो पेट भोको छ भन्यौं । १७, १८ वर्षपछि बासको ठेगान भयो । भूमि अधिकार कार्यकर्ताले निकै साथ दिए । हौसला दिए । राजनीतिक दलले हामीलाई बाटो देखाएनन् । मञ्चले बाटो देखायो । हामी निरन्तर आन्दोलनमा लाग्न तयार छौं । आन्दोलन गर्न कोष बनाएका छौं । १० हजार रूपियाँ जम्मा भएको छ । १०० जना महिलाको नवज्योति कृषि सहकारी नामक संस्था बनाएका छौं । हामी अब बसेको जग्गाको पूर्जाका लागि लड्नेछौं ।

**कलावती सुनार**, सुर्खेत

एक दिन काम विशेषले बजार गएको थिएँ । जुलुस देखें । केको भनेर सोधेको त भूमि अधिकार मञ्चको भने । किन ? भन्दा जग्गा खोजेको भनेर सुनाए । आफू पनि खोलाको छेउमा गिटी कुटेर र बालुवा चालेर बसेको मान्छे । उनीहरूले लगाएको नारा र बोलेको कुराले मन छोयो । पछि कार्यकर्ता साथीलाई गाउँ बोलाएँ । यो राजनीतिक दल हो । हामी लाग्दैनौं भनेर समुदाय सङ्गठनमा बस्न मानेनन् । कुरो बुझाएपछि अहिले सङ्गठन बनेको छ । हामी हाम्रो कुरा सिडिओसम्म राख्न सक्ने भएका छौं ।



१.२ २५ जिल्लाका ३९,२३६ सुकुम्बासीले सुकुम्बासी समस्या समाधान आयोगबाट ३,०५६ हेक्टर जग्गा प्राप्त गरेका छन् । यसमध्ये ५,८१८ परिवार राष्ट्रिय भूमि अधिकार मञ्चमा सङ्गठित छन् । उनीहरूले पाएको जग्गाको क्षेत्रफल ७६५ हेक्टर छ ।

१.३ मोही र विर्ता जग्गा जोतिरहेका ३६३ परिवारले ८९.६९ हेक्टर जग्गा प्राप्त गरेका छन् । सम्वाद र प्रतिरोधबाट ४३५६ मोही तथा भूमिहीन परिवार बेदखली र उठिबास हुनबाट रोकिएको छ ।

१.४ २६ सहकारीमा २२१५ भूमिहीन महिला सेयर सदस्य बनेका छन् । ६० सङ्गठनका १३६६ परिवार कृषि उद्यममा संलग्न भई आम्दानी बढाउनुका साथै प्रयोगमा नरहेको कृषि भूमि उपभोगमा ल्याएका छन् । यसमध्ये १० जिल्लाका २८ सङ्गठनका १३७३ परिवारले ६९.०७ हेक्टर जग्गा स्थानीय निकायसँग सहमति गरी लामो अवधिका लागि उपयोग गर्न लिएका छन् भने अन्यले मोहीवापतको जग्गा, ऐलानी जग्गा, सामुदायिक वनछेउको खाली क्षेत्र र सार्वजनिक पोखरी उपयोग गरेका छन् ।

१.५ गाविस, जिविस, स्थानीय संस्था र अन्य निकायसँग समन्वय गरी १५७ गाउँ भूमि अधिकार मञ्चले ८,२६४,४०९ (बयासी लाख चौसट्ठी हजार चार सय नौ) रूपियाँ स्रोत प्राप्त गरी विभिन्न आयआर्जन, सङ्गठन सुदृढीकरण, भौतिक विकास र कृषि उद्यममा लगानी गरेका छन् । यसैगरी ६२४ गाउँ भूमि अधिकार मञ्चले २,००८,१४३ (बीस लाख आठ हजार एक सय त्रिचालीस) रूपियाँ आन्दोलन कोष उपयोग गरेका छन् । यसले आन्दोलनलाई दिगो र समुदायकै अपनत्वमा अगाडि बढाउन मद्दत पुगेको छ । आन्दोलन कोष र अन्यबाट सहयोग सङ्कलनसमेत ४,६१८,०२९ ( छयालीस लाख

अठार हजार उनन्तीस) रूपियाँ बराबरको स्रोत समुदायबाट परिचालित छ ।

१.६ नियमितरूपमा १०९ जना अभियानकर्ता (५६ महिला, ४१ जनजाती, ३३ दलित) सङ्गठनको छलफल, योजना निर्माण र कार्यान्वयनमा क्रियाशील छन् । १६६ वटा भूमि सिकाई केन्द्र सञ्चालनमा छ । सिकाई केन्द्रमा ५२५८ जना सहभागी आफ्ना सवालमा छलफल, स्थानीय तहमा योजना निर्माण र कार्यान्वयन गर्दैछन् । आन्दोलन फैलिएका क्षेत्रमा २७३७ भन्दा बढी अगुवा क्रियाशील छन् । यिनीहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न विषयमा तालिम, अभियानकर्ताको भेला र शिविर गरिएका छन् ।



**नतिजा : २. जनमुखी भूमि व्यवस्थाका पक्षमा राष्ट्रिय, अन्तर्राष्ट्रिय तहसम्म जनमत निर्माण हुनेछ ।**

२.१ राष्ट्रिय भूमि अधिकार मञ्चको नेतृत्वमा २०६७ चैत १ देखि ८ गतेसम्म भएको *समयमै संविधान र भूमि सुधार राष्ट्रिय आन्दोलन* मा ५० जिल्लाका करिब ११ सय महिलाको सहभागिता थियो । आन्दोलनमा भएको सहमतिपछि वैज्ञानिक भूमि सुधारसम्बन्धी आयोगको प्रतिवेदन सार्वजनिक गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । संविधानमा भूमि अधिकारको मुद्दा यथोचित सम्बोधनका लागि दबाब पुगेको छ ।

२.२ आर्थिक वर्ष २०६८/६९ को नीति, कार्यक्रम तथा बजेटमा सुकुम्बासी, कमैया, हलिया, हरूवाचरूवा, कमलरी, वादी, गन्धर्व र बाँधा मजदुरबाट मुक्त परिवारको आयआर्जन, रोजगारी, शिक्षा र बसोबासको विशेष कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । त्यस्तै वैज्ञानिक भूमि सुधारसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन लागु गराउने र नयाँ भूमि विधेयक बनाउने उल्लेख छ । यसका लागि देशभर ६९ (र्‍याली, प्रदर्शन, पैदल यात्रा र सभा) अभियान सञ्चालन गरिएका थिए ।

२.३ न्याय र समानता बढाऔं, भोक अन्त्य गरौं भन्ने अभियान गरी संविधानमा उत्पादनका साधन मूलतः जल, जङ्गल र जमिनमा हरेक नागरिकको समतामूलक पहुँच र उपभोगको अधिकार सुनिश्चितताका साथै सुरक्षित आवास निश्चित

## अगुवाका भनाई

**माया बाग्दास**, झापा

राजनीतिक दलले मञ्च र सभामा एकथरी, पीडितलाई भेट्दा अर्कोथरी र निर्णय गर्ने बेला अर्कै कुरा गर्ने परिपाटी छ । त्यस्तो परिपाटी अन्त्य गर्नुपर्दछ ।

---

**होमेन्द्र थापा मगर**, बर्दिया

मेरो घर कृष्णसार संरक्षण क्षेत्रनजिक छ । बर्दियाको भूमि समस्या भनेर साध्य छैन । भूमि अधिकार आन्दोलनमा हामीले पटकपटक सहमति गर्दै आएका छौं । बर्दियाका २ जना महिला दिदीबहिनी आन्दोलनकै क्रममा बित्नुभयो । २ जना अझै अस्पतालमा हुनुहुन्छ । गाविस, जिल्ला र केन्द्रसम्म भएका सहमति बेदखली नगर्ने भन्ने भए पनि यस्तो कामले चरम सिमाना काटेको छ । सामुदायिक वनले बस्ती उठाएको छ । स्कुल तोडफोड गरेको छ । अगुवा कार्यकर्तालाई मार्ने धम्की दिइएको छ । भूमि अधिकार आन्दोलनलाई सबैले सकारात्मकरूपमा लिएर सघाइदिनु हुन अनुरोध गर्दछु ।

गर्नुपर्ने, कृषि क्षेत्रमा बजेटको कम्तिमा १५ प्रतिशत लगानी गरिनुपर्ने माग थियो । यस वर्षको बजेटमा स्थानीय निकायमा गएको बजेटको १५ प्रतिशत कृषिमा लगानी गर्ने व्यवस्था भएको छ । त्यस्तै 'जागौं, केही गरौं, दिगो शान्तिका लागि गरिबी हटाउन आवाज उठाऔँ' भन्ने नारका साथ २०६७ असोज १ देखि ३ गतेसम्म १७ जिल्लामा भूमिहीन किसानले कृषि र भान्छामा प्रयोग हुने औजारसहित ऱ्याली निकालेका थिए । नयाँ संविधान र राजनीतिक स्थिरताविना गरिबी सम्बोधन हुन नसक्ने भएकाले सभासद् र राजनीतिक दललाई संविधान निर्माणमा केन्द्रित हुन तथा गरिबी अन्त्य एवम् भोकबाट मुक्तिको सुनिश्चितता संविधानको मौलिक हकमा हुनुपर्ने माग गरिएको थियो ।



२.४ नेपाली सन्दर्भमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुगमन सूचक तयार गरिएको छ । जुन कार्य ओएचसिएचआरको समन्वयमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको संयुक्त सहकार्यमा भएको थियो । केन्द्रले आवासको अधिकार समूहको संयोजन गरेको थियो ।

२.५ राष्ट्रिय ५ र ११८ वटा क्षेत्रीय एवम् जिल्लास्तरीय छलफल भए । यी छलफलमा ५८६३ जनाको सहभागिता थियो । यसले भूमि सुधारका विविध मुद्दामा बहस बढाउन मद्दत पुगेको छ ।

२.६ दाङको गङ्गाप्रस्सपुर, महोत्तरीको लक्ष्मीनियाँ, सप्तरीको हर्दिया, सुनसरीको हाँसपोसा र

### सहयोगीका धारणा

**सरेश नेपाल**, सिन्धुपाल्चोक

सामाजिक लेखाजोखा गर्दा समाजमा आन्दोलनले के परिवर्तन ल्यायो ? सामाजिक जीवनमा के परिवर्तन ल्यायो ? भनेर मूल्याङ्कन गर्नुपर्दछ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गरेका कामको लेखाजोखा गर्नु राम्रो हो । अझै गहिरिएर समीक्षा गर्नुपर्छ । यो समीक्षा विभिन्न तहमा हुनुपर्छ । सुकुम्बासी आयोगले २० प्रतिशतमात्र वास्तविकलाई जग्गा दियो भन्ने कुरा सत्य हैन । बलिया पक्ष के हुन् ? कमजोरी के हुन् भन्नेबारे गम्भीर छलफल गरेर अगाडि बढौं ।

**कृष्ण थापा**, सिन्धुपाल्चोक

झुप्राबाट सुरू भएको भूमि अधिकार आन्दोलन भूमि घरसम्म आएको छ । यो आन्दोलन जनताको स्वामित्वमा गएको पाएको छु । यो आन्दोलन गरिबबाट फुत्किएर राजनीतिक दलको हातमा पुग्न सक्छ । राम्रा काम गरेकाले होडबाजी हुन सक्छ । बिगार्न सक्छन् । गरिबबाट टाइसुट लगाएका मान्छेको हातमा जान नदिन खबरदारी गरिरहनुहोस् । यो आन्दोलन जनता स्वयम्ले, सङ्गठनले पूरै जिम्मा लिएका दिन सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको लक्ष्य पूरा हुन्छ ।

सिन्धुपाल्चोकको राम्चेमा भइरहेको सामुदायिक भूमि सुधार अभ्यासअन्तर्गत गाविस तहको परिवेशका आधारमा भूमि अधिकार, भूउपयोग र कृषि सुधारका योजना तयार गरी कार्यान्वयन गरिएका छन् । ती कार्यलाई दिगो बनाउन समुदाय अगुवाका लागि क्षमता अभिवृद्धिका अवसर उपलब्ध गराउँदै आइएको छ । यसले भूमि सुधारका लागि समुदायको सोचाई र योजना महत्वपूर्ण हुने पाइएको छ ।



**नतिजा : ३. सिकाई तथा ज्ञान निर्माण, अभिलेखन र उपयोग फराकिलो क्षेत्रमा भएको हुनेछ ।**

३.१ सङ्गठन, अभियान, वकालत, कानुनी र सङ्गठनात्मक सुदृढीकरणसम्बन्धी भएका तालिम तथा अभिमुखीकरणमा १,९१८ जना अगुवा एवम् अभियानकर्ता सहभागी भई ज्ञान, सीप हासिल गरेका छन् ।

३.२ भूमि अधिकारसम्बन्धी रेडियो कार्यक्रम तयार पारी विभिन्न भेगका ६ वटा एफएम स्टेसनबाट प्रशारण गरिएको छ । यस्तो प्रशारणबाट नीतिगत तहका कुरा गाउँ सङ्गठनसम्म र गाउँ सङ्गठनका सवाल नीतिगत तहमा ल्याउन मद्दत पुगेको छ ।

## अगुवाका हेराई

**यशोधा न्यौपाने**, हेकुली

मैले आधारपत्र पाएँ । मेरै नाममा लिएकी छु । चौधरी जातिलाई बुझाउन गाह्रो, बुझाएपछि आन्दोलन बलियो हुन्छ । हामी बलियो भएका छौं । जमिनदारले पहिले हेंला गर्दथे । ६६ सालदेखि सङ्गठनमा लागेको हो । अहिले स्थितिमा धेरै फरक आएको छ ।

...............................

**भवानीप्रसाद न्यौपाने**, रसुवा

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गरेको सामाजिक लेखाजोखा सराहनीय छ । कुन जिल्लामा कति काम भयो ? कति खर्च भयो ? अरू सङ्घ/संस्थाले पनि सरोकारवालाको माझमा यस्तै लेखाजोखा अनिवार्य गर्नुपर्छ । रसुवामा हामीले ठूलो सङ्घर्षका साथ १५२ वटा लालपूर्जा लिन सफल भएका छौं । ४ सय परिवारले १५ सय रोपनी पाएका छन् । हाम्रो आन्दोलन निरन्तर जारी छ । यसका लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र नेपाल कृषि वन प्रतिष्ठानले सहयोग गरेका हुन् । जिल्ला भूमि अधिकार मञ्च रसुवा अझ अगाडि जाने अठोटका साथ बढेको छ ।

*आफ्नो भनाई राख्दै सप्तरीकी अगुवा*



३.३ गैसस महासङ्घ नेपालसमेतको सहकार्यमा भूमिको कब्जा, अव्यवस्थित उपयोग र खाद्य असुरक्षा विषयमा अध्ययन भई सोका आधारमा नीतिगत तहमा छलफल भएको छ । अध्ययनले भूमिका नयाँ जटिलता र मुद्दा बहसमा ल्याएको छ ।

३.४ प्रत्येक हप्ता शुक्रबारे खबर, मासिक इ बुलेटिन, त्रैमासिक भूमि अधिकार पत्रिका प्रकाशन भइरहेको छ । भूमिमा महिला अधिकार यात्रा र राष्ट्रिय आन्दोलनको पुस्तक प्रकाशन भएको छ । यी प्रकाशन भूमि अधिकारका मुद्दामा बहस बढाउन, जनमत निर्माण गर्न, भूमिसम्बन्धी सूचना अभिलेखन गर्न सहयोगी भएका छन् । यस वर्ष १५ किसिमका १४ हजार प्रति यस्ता सामग्री प्रकाशन भएको छ ।

३.५ स्रोत संस्था र केन्द्रलाई भूमि

## लेखाजोखाप्रति मञ्चको लेखाजोखा

**सरस्वती सुब्बा**, कोषाध्यक्ष, राष्ट्रिय भूमि अधिकार मञ्च

स्वभावैले काम मात्रै गरेर हुँदैन, त्यो पारदर्शी पनि हुनुपर्छ । र, यसको आधार भनेको सामाजिक लेखाजोखा नै हो । जुन प्रक्रियालाई आन्दोलनमा लागेका आन्दोलनकर्मी, आन्दोलनका सहयोगीलगायत् सबैले बुझ्नुपर्छ । सामुदायिक आत्मनिर्भर सेवा केन्दले भूमि अधिकार आन्दोलनमा गरेको उपलब्धिसहित खर्च कति कहाँ भयो भन्ने कुरा सार्वजनिक गरेको छ । सरोकारवाला सबैलाई एउटा हलमा जम्मा गरेर यसरी जानकारी दिने गर्नु राम्रो हो ।

आन्दोलनको क्रममा हामी राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल पनि सँगै छौं । ५० जिल्लामा हाम्रो सङ्गठन छ । त्यो सङ्गठनको नेतृत्व राष्ट्रिय भूमि अधिकार मञ्चले गरेको छ । तर यो आन्दोलनलाई सहकार्य, सहयोग, सहजीकरण र नीतिगत तहमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले पूरा सहयोग गरिरहेको छ ।

म केन्द्रलाई के भन्न चाहन्छु भने अहिले भइरहेको आन्दोलन महिला अधिकार, हलिया अधिकार, हरूवा–चरूवा अधिकार जस्ता विषयमा केन्द्रित छ । अब यस्ता टुक्रे आन्दोलन नगरेर समग्र आन्दोलन गर्नुपर्छ । ताकि अधिकार प्राप्तिको आन्दोलन दरिलो होस् । हामी यो अधिकार प्राप्तिका लागि मर्न तयार छौं । जुन पार्टी सत्तामा आए पनि गरिबको आँसु हेर्ने क्रममात्र चल्यो । यही कारण ५० जिल्लाका हजारौं मानिस मर्न तयार भएका हुन । त्यसैले अब एउटा छिनोफानो गर्ने आन्दोलन जरूरी छ । हामी त्यहीबारे सोचिरहेका पनि छौं ।

जहाँसम्म सामाजिक लेखाजोखाको सवाल छ, राष्ट्रिय भूमि अधिकार मञ्चले पनि यसको सुरूवात् गरेको छ । यो सुरूवात् एउटा पारदर्शिताको आधार हो । त्यसैले हामीले पनि पछ्याएका हौं ।

अधिकार स्रोत संस्थाका रूपमा क्रमशः विकास गर्ने उद्देश्यले विभिन्न भौतिक एवम् स्रोत सामग्री उपलब्ध गराइएको छ । साथै जिल्ला भूमि अधिकार मञ्च कैलाली र दाङको जिल्ला भूमि घर बनेको छ ।

३.६ सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले एसिएन एनजिओ कोलिसनको सदस्यता प्राप्त गरेको छ ।



**नतिजा : ४. भूमिमा महिलाको अधिनत्व वृद्धि र तत्सम्बन्धी नीतिमा परिवर्तन आएको हुनेछ ।**

४.१ १०१ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा 'भूमिमा महिला अधिकार, महिलाको मानव अधिकार' भन्ने मूल नाराका साथ राष्ट्रिय भूमि अधिकार मञ्च र राष्ट्रिय महिला अधिकार मञ्चको संयुक्त आयोजनामा २३ जिल्लामा र्‍याली, सभा र अन्तर्क्रिया भयो । यसले भूमिमा महिलाको अधिकारको मुद्दालाई बहसमा ल्याउन र जनमत बनाउन मद्दत पुगेको छ ।

४.२ सरकारले हाल पतिको नाममा कायम रहेको घरजग्गाको स्वामित्व परिवर्तन गरी पत्नीसमेतको नाममा संयुक्त स्वामित्वका रूपमा लिखत गर्न चाहेमा एक सय रूपियाँमात्र रजिष्ट्रेसन दस्तुर लाग्ने व्यवस्था गरेको छ । त्यस्तै भूमिमा महिला स्वामित्व वढाउन केही दुर्गम जिल्लामा महिलाको नाममा घर जग्गाको रजिष्ट्रेसन पारित गर्दा लिखत दस्तुरमा ४० प्रतिशत छुट दिइएको छ । जुन राष्ट्रिय आन्दोलनको एक महत्वपूर्ण सहमति थियो ।



## ३. सिकाई :

३.१ सङ्गठनलाई बढी जिम्मेवार बनाउन, उनीहरूको सङ्गठनात्मक सुदृढीकरण र आन्दोलनप्रतिको तिर्सना र सीपको विकास आवश्यक छ । विचार निर्माण र कामका लागि नियमित उत्प्रेरित गरिएको सङ्गठनले आफैं जिम्मेवारी लिएर कार्य गर्न थालेको छ ।

३.२ भूमि अधिकार जस्तो जटिल मुद्दामा कार्य गर्दा यससँग सम्बन्धित सबै कर्ताको पहिचान र विश्लेषण गरी उनीहरूलाई परिचालित गर्ने रणनीति लिनुपर्छ । जनमत निर्माण र सहकार्यको सचेत योजनासहित काम भएका जिल्लामा राम्रो उपलब्धि प्राप्त भएको छ ।

३.३ ठूला आन्दोलन गर्दा व्यवस्थापनका विभिन्न विकल्प तयारी गर्नुपर्ने देखियो । खुलामञ्चमा हुरी र पानीले बस्न नसक्ने भएपछि व्यवस्थापनमा निकै अप्ठेरो भएको थियो ।

## ४. चुनौती :

४.१ अस्थिर राष्ट्रिय सरकारका कारण भूमिका नीतिगत मुद्दा सल्टिन सकेका छैनन् । केही काम अघि बढ्छन् अनि सरकार फेरिएपिच्छे ती विषय ओझेलमा पर्ने गरेका छन् ।

४.२ भूमाफियाले तराई भेगका सडक आसपास खाली जग्गामा सस्तो रकम लिएर बस्ती बसाल्ने र सुकुम्बासीको नाममा गैरसुकुम्बासीले पनि ठूलो सङ्ख्यामा जग्गा दाबी गर्नाले वास्तविक सुकुम्बासीको समस्या अझै जटिल बन्दै गएको छ ।

### दाताको नजरमा लेखाजोखा

**चिरञ्जीवी अधिकारी**, प्रतिनिधि, केयर नेपाल

यो सामाजिक लेखाजोखा गर्ने परम्पराको सुरूवात् राम्रो छ । वर्षभर गरेको कार्यक्रम र आर्थिक विवरण पारदर्शी ढङ्गले राखिएको छ । यस्तो काम अरूले पनि गर्नुपर्छ भन्ने सिकाई भएको छ ।

केयर नेपाल प्राकृतिक स्रोतको दिगो संरक्षणबाट जीविकोपार्जनमा सघाउनुपर्दछ भन्ने मान्यता राख्छ । यसका लागि जल, जमिन र जङ्गल सबैको संरक्षण गर्नुपर्दछ ।

भूमिहीनको समस्या राष्ट्रिय समस्या हो । हाम्रो पहल भनेको समुदायको आवाज नीति निर्माणसम्म पुऱ्याउने हो । यो समस्या समाधानका लागि राष्ट्रियस्तरको सहमति आवश्यक छ । प्रतिबद्धता आवश्यक छ ।

# ४ सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
## वित्तीय अवस्था (आ.व. २०६७/६८)



### बजेट र उपयोगको अवस्था

| कार्यक्रमतर्फ | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| नतिजा १ | १७,७८३,४४० | १४,६०९,९८१ | |
| नतिजा २ | ९,०३१,७०० | ४,९९१,३६३ | |
| नतिजा ३ | ८००,००० | १५०,२४५ | |
| नतिजा ४ | ११,२८४,७७० | ९,९६७,४५३ | |
| नतिजा ५ | १,३६७,००० | ९२०,७११ | |
| **जम्मा कार्यक्रम खर्च :** | **४०,२६६,९१०** | **३०,६३९,७५३** | **७६** |
| **व्यवस्थापनतर्फ** | | | |
| तलव तथा सुविधा | ५,९६६,००० | ५,२६५,७३९ | |
| कार्यालय सञ्चालन खर्च | १,३६०,२०० | १,२१७,८२८ | |
| अनुगमन तथा अडिट | २१५,००० | २०८,०२८ | |
| पुँजीगत खर्च | ४६०,००० | ४२४,२७६ | |
| **जम्मा व्यवस्थापन खर्च** | **८,००१,२००** | **७,११५,८७१** | **८९** |
| **जम्मा खर्च** | **४८,२६८,११०** | **३७,७५५,६२४** | **७९** |

### रणनीतिक साझेदारबाट प्राप्त कोषको अवस्था

| सहयोगी संस्था | प्राप्त बजेट | कैफियत |
|---|---|---|
| एक्सनएड नेपाल | ५,८७५,००० | |
| केयर नेपाल | २,९५०,००० | |
| डेनिडा हयुगो | २०,१९०,००० | |
| अक्फाम जिबी | ५५४,००० | |
| युएनएमसी | ५१९,४०० | |
| अन्य | १२०,५१०.६४ | (ब्याङ्क ब्याज) |
| मौज्दात गत वर्षको | ८,००५,२३६.१३ | (आ.व. २०६६/६७) |
| **जम्मा कोष प्राप्त** | **३८,२१४,१४६.७७** | |

## अन्य कार्यक्रमतर्फ

| कार्यक्रमतर्फ | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| अन्तर्राष्ट्रिय भूमि सञ्जाल | १,९३१,७७९/८० | १,५६८,८०७/४० | ८२ |
| एक्सनएड नेपाल (सामुदायिक भवन निर्माण) | ६००,००० | ४००,००० | ६७ |
| एसिएन एनजिओ कोलेसन | २१२,७९५/२० | | ० |
| **जम्मा कार्यक्रम खर्च** | **२,७४४,५७५** | **१,९६८,८०७÷४०** | **७२** |

## खर्च वर्गीकरण

| खर्च शीर्षक | रकम | खर्च प्रतिशत |
|---|---|---|
| कार्यक्रम खर्च | ३०,६३९,७५३ | ८१ |
| पुँजीगत खर्च | ४२४,२७६ | १ |
| व्यवस्थापन खर्च | ६,६९१,५९५ | १८ |
| **जम्मा खर्च** | **३७,७५५,६२४** | **१००** |
| सहयायात्री संस्थाबाट जम्मा खर्च | २३,९४२,२८० | ६४ |
| काठमाडौ कार्यालयबाट जम्मा खर्च | १३,८१३,३४४ | ३६ |
| **जम्मा खर्च** | **३७,७५५,६२४** | **१००** |

## स्रोत संस्था र स्रोत केन्द्रबाट भएको खर्च

| स्रोत केन्द्र/स्रोत संस्था | वार्षिक बजेट | खर्च |
|---|---|---|
| स्रोत केन्द्र १, डडेल्धुरा | ३,३१२,७७५ | ३,३१६,५३९ |
| स्रोत संस्था २, सिएसडिआर, बाँके | ४,३०६,२९० | ३,७७९,०१४ |
| स्रोत संस्था ३, स्वान, दाङ | २,७६०,७५२ | २,५०६,६०५ |
| स्रोत केन्द्र ४, बुटवल, (जिल्ला मञ्च रूपन्देही, नवलपरासी र सिआरसिडी) | ९८७,१०० | ७९२,४५७ |
| स्रोत केन्द्र ५, (जिल्ला मञ्च सिन्धुपाल्चोक, रसुवा, पर्वत, सिडिइसिएफ र आरडिएस) | ३,०००,८७० | २,७७५,४१६ |
| स्रोत केन्द्र ६, बर्दिवास | ३,६१८,१०४ | २,७७५,४४७ |
| स्रोत संस्था ७, जनचेतना दलित सङ्गम, सप्तरी | ३,३२९,९२० | २,९०९,३१८ |
| स्रोत संस्था ८, अभियान नेपाल, सुनसरी | ३,१३१,९८९ | ३,०९३,८७८ |
| राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल | २,४३४,०४० | १,९९३,६०६ |
| **जम्मा** | **२६,८८१,८४०** | **२३,९४२,२८०** |